लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, मधेश प्रदेश, नेपाल

## आन्तरिक आय संकलनका लागि बोलपत्र आव्हान ।

(प्रथम पटक प्रकासित मिति : २०८०/१०/१६)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको आन्तरिक आयका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र शिलबन्दी बोलपत्र आब्हान गरिएको छ ।

तपसिल :

| आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक (मु.अ.कर सहित) | बोलपत्र फाराम दस्तुर | ठेक्का कायम रहने अवधि |
|---|---|---|---|---|
| आ.आ. १६ - ०८०/०८१ | गोरु वजार, नवलपुर, लालबन्दी १ | रु.११,००,०००।- (एघार लाख मात्र) | रु.१,०००।- | २०८१ असार मसान्तसम्म |
| आ.आ. १७- ०८०/०८१ | नगर कम्प्लेक्स भवन, लालबन्दी ७ | रु.३,१५,०००।- (मासिक तीन लाख, पन्ध्र हजार मात्र) | रु.१,०००।- | सम्फौताको १० (दश) बर्ष |
| आ.आ. १८- ०८०/०८१ | व्यवसायिक भवन (राष्ट्रिय बाणिज्य बैंक वसेको भवनको भुइ तल्ला, बाणिज्य बैंकले प्रयोग गरेको सटर बाहेक) लालबन्दी ७ | रु.८०,०००।- (मासिक असी हजार मात्र) | रु.१,०००।- | सम्फौताका १० (दश) बर्ष |

सर्तहरु :

१. ईच्छुक बोलपत्रदाताले आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७९/०८० को करचुक्ताको प्रमाणित प्रतिलिपि वा म्यादथपको प्रमाण सहितको लिखित निवेदनका साथ बोलपत्र फारम दस्तुर बुझाएको रसिद वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा रकम जम्मा गरेको बैंक भौचर पेश गरी सूचना प्रकाशन भएको मितिले १५(पन्ध्रौं) दिनको कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्नु पर्नेछ ।

२. बोलपत्रका साथ कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा जम्मा गरेको सक्कल भौचरको वा "क" वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको **बोलपत्र जमानत पत्र (बिड बण्ड)** पेश गर्नु पर्नेछ ।

३. बोलपत्र फारम १६(सोऔं) दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । सोही दिनको ०२:०० बजे बोलपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. ठेक्का नं. आ.आ. १६ को लागि बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कबोल गरेको रकम एकमुष्ट वा ५० प्रतिशत नगद र बाँकी ५० प्रतिशतको ६(छ) महिना म्याद भएको अग्रीम भुक्तानी जमानत पत्र बुझाउनु पर्नेछ । बोलपत्र दाताले अग्रीम भुक्तानी जमानतको रकम २०८१ असार मसान्त भित्र यस कार्यालयको खातामा दाखिला गरिसक्नु पर्नेछ ।

५. ठेक्का नं. आ.आ. १७ र १८ को हकमा ठेक्का साकार (कबोल) गर्ने बोलपत्रदाताले सम्फौत गर्न आउँदा कबोल रकम १(एक) महिनाको भाडा नगरपालिकाको राजश्व खातामा अग्रीम दाखिला गरी बाँकी रकमको यस कार्यालयको नाममा जारी भई १३ महिना म्याद भएको अग्रीम भुक्तानी जमानत पत्र सहित सम्फौता गर्न आउनु पर्नेछ । प्रत्येक आर्थिक बर्षको श्रावण महिनामा सम्फौता नविकरण गर्न आउँदा सोही बमोजिम १ महिनाको भाडा रकम अग्रीम र बाँकी रकमको १३ महिनाको अग्रीम भुक्तानी जमानत पत्र पेश गरी श्रावण महिना भित्र नविकरण गर्नु पर्नेछ । कबोल भाडा रकम (प्रथम महिना बाहेक) प्रत्येक ३/३ महिनामा बुझाउनु पर्नेछ ।

६. ठेक्का नं. आ.आ. १७ को हकमा सम्फौता भएको मितिले पहिलो २ (दुई) महिना र आ.आ. १८ को हकमा १ (एक) महिना मर्मत सम्भार तथा तयारी अवधि दिईनेछ र सो अवधि पश्चात मात्र भाडा रकम गणना हुनेछ ।

७. कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्फौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून बमोजिम कारवाही गरिनेछ । लालबन्दी नगरपालिकालाई कुनै रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्तो फर्म/कम्पनीको ठेक्का स्वीकृत हुने छैन र निजको वक्यौता रकम धरौटीवाट असूलउपर गरिनेछ ।

८. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत